# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः३८ मितिः २०८१।०९।०९

## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

### आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।०६
प्रमाणीकरण मितिः २०८१।०९।०९ गते

# आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८१

प्रस्तावनाः

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरीबीको रेखामुनी रहेका, दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, अतिअशक्त, अपांग, पुर्णअशक्त र बेवास्तामा परेका जेष्ठ नागरीक तथा प्राकृतिक प्रकोपमा परि पिडित भएका, बाढी तथा पहिरो, आगलागी, हावाहुरी तथा भुकम्प आदीबाट क्षती भएका पिडितहरुलाई आर्थिक सहायता दिनका लागि आर्थिक सहायता सम्बन्धि कानून बनाउन बाञ्छनिय भएकोले, इनरुवा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा,

(क) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले निरपेक्ष गरीबीको रेखामुनि रहेको भनि प्रमाणित भएका, बिपन्न, मुटु, मृगौला, फोक्सो, कलेजो, मस्तिष्क, मेरुदण्ड जस्ता शरीरका महत्वपुर्ण अंगहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, घरेलुहिंसा, यौनहिंसाबाट आक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपुर्ण श्रममा संलग्न रहेका, हराएका वा बेवारीसे अवस्थामा फेला परेका वा जवरजस्ती श्रमबाट पीडित भएका, शारीरिक तथा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएका, सुस्त मनस्थिति भएका, अपहरणमा परेका वा शरीर बन्धकमा परेका, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित व्यक्तिहरु, बेसाहारा बृद्धबृद्धा सम्झनुपर्छ ।

(ख) “नगर कार्यपालिका” भन्नाले इनरुवा नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) “नगरपालिका” भन्नाले इनरुवा नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले इनरुवा नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "न्यायिक समिति" भन्नाले इनरुवा नगरपालिका अन्तर्गतको न्यायिक समितिलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इनरुवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

छ. वडा कार्यालय भन्नाले इनरुवन नगरपालिकाका १ देखी १० नं. वडा कार्यालयलाई जनाउनेछ ।

## परिच्छेद—२
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क), क्यान्सर पीडित तथा अन्य व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टिकरणः "आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, नागरिकताको प्रतिलिपी, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नुपर्दछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पिडितलाई न्याय दिलाउन एवं पुनरुथापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएका, हराएका वा बेवारिसे अवस्थामा फेला परेका वा जवरजस्ती श्रमबाट पीडित भएका, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएका, सुस्त मनस्थिति भएका, अपहरण वा शरिर बन्धकमा परेका, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित व्यक्तिहरु भएमा तत्काल उद्धार गरी पालनपोषणका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणका लागि बाल उद्धार गृहको स्थापना गरी सञ्चालन गर्न सकिनेछ । बालउद्धार गृह स्थापना नहुञ्जेलसम्मका लागि सामुदायिक वा संस्थागत विद्यालय वा अन्य निकायहरुले संचालन गरेका बालगृहसंग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

**६. <u>आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुको सहायताः</u>** (१) आर्थिक रुपले विपन्न, तीन महिनासम्म पनि खान नपुग्ने परिवारका गर्भवती महिला एवं सुत्केरीलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

**७. <u>बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायताः</u>** ६० वर्ष उमेर पुगेका परिवारका सदस्यलाई बेवास्ता गरेका, विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताका लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. <u>अतिअशक्त अपांग र पूर्णअशक्त अपांगलाई सहायताः</u>** (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्णअशक्त अपांगको पालन पोषणका लागि आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, नगरपालिकाबाट प्राप्त अतिअशक्त र पूर्णअशक्त अपांगताको परिचयपत्र सहित नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

**९. <u>घरदेखि घाट सम्म कार्यक्रमबाट काजक्रिया गर्न आर्थिक सहायताः</u>** (१) विपन्न दलित तथा अति विपन्न परिवारका सदस्यको मृत्यु हँदा प्रति परिवार काज क्रिया गर्न आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजत, मृत्युदर्ता, नाता खुल्ने कागजात सहित नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

**१०. <u>प्राकृतिक विपदमा परेका नागरिकलाई आर्थिक सहायताः</u>** (१) प्राकृतिक विपदबाट भएका धनजनको क्षती भएका व्यक्ती/परिवारलाई आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी, भुकम्प, माहामारी तथा पहिरोको, अन्नबाली आंशिक वा पुरै नस्ट भएमा, पशु चौपायाको मृत्यु कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलव्ध गराउन सक्नेछ ।

| क.स. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने | सहयोग गर्ने रकम रु. |
| क | घर/गोठ दुवै जलेर वा पुरिएर सामाग्री समेत नष्ट | पाल/त्रिपाल, भुजा, चिउरा, भुजिया आदि | ५०००।— देखि १००००।— सम्म |

**११. आर्थिक सहायता उपलब्ध नगराइने:** (१) माथि जेसुकै लेखेको भएता पनि दफा ९ र दफा १० बाहेकको हकमा नेपाल सरकारबाट मासिक रुपमा पेन्सन, सामाजिक सुरक्षा भत्ता वा औषधिउपचार खर्च प्राप्त गरि रहेका परिवार/व्यक्तिलाई यस किसिमको आर्थिक सहायता उपलब्ध गराईने छैन । तर विशेष परिस्थितिमा आवश्यकता हेरी कार्यपालिकाले थप रकम आर्थिक सहयोग गर्न सक्नेछ ।

## परिच्छेद—३

## आर्थिक सहायताको रकम परिचालन सम्बन्धी व्यवस्था

१२. **सहयोग माग गर्दा पेश गर्नु पर्ने कागजात:** (१) नगर कार्यपालिकाको कार्यालयमा दफा १० बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२), (३), (४) र (५) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपदबाट धनजनको क्षती सन्दर्भमा पेश गर्नु पर्ने कागजातहरु

(क) निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपी र चेकको प्रतिलिपी

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धीत प्रहरी कार्यालयको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याँकन

(च) विपन्नताको हकमा अधिकार प्राप्त अधिकारीबाट विपन्नता प्रमाणित सिफारिस पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) औषधी उपचारका लागि सहयोग माग गर्दा निम्न प्रकृया अवलम्न गर्नु पर्नेछः

(क) सम्बन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन र चेकको प्रतिलिपी,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिंह होम वा स्वास्थ्य किल्निक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी । यस्ता कागजात निवेदन दिने मिति भन्दा २ (दुई) महिना पुरानो भएमा मान्य हुने छैन,

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखि दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण र विल,

(घ) कडा रोग लागि अप्रेसन गर्नु पर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा मेडिकल वोर्डको सिफारिस सम्बन्धीत कागजातपत्र,

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस

(च) विपन्नताको हकमा अधिकार प्राप्त अधिकारीबाट विपन्नता प्रमाणित सिफारिस पत्र

(छ) स्वास्थ्य शाखाको सिफारिस

(४) घर देखि घाट कार्यक्रम सम्बन्धी काज क्रिया खर्च रकम माग गर्दा निम्न प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(क) मृत्यु भएको व्यक्तिको मृत्यु दर्ता प्रमाण पत्र

(ख) नजिकको हकवाला खुल्ने गरी सम्बन्धित वडाको सिफारिस पत्र

(ग) भुक्तानी माग गर्ने व्यक्तिको नागरिकता र चेकको प्रतिलिपी

(घ) काज क्रियामा खर्च भएको विल

(ङ) विपन्नताको हकमा अधिकार प्राप्त अधिकारीबाट विपन्नता प्रमाणित सिफारिस पत्र

(५) दफा ४,५,६,७ र ८ बमोजिम आर्थिक सहायता माग गर्दा निम्न प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(क) सम्बन्धीत वडा कार्यालयबाट आर्थिक सहायता उपलब्ध गराउन मापदण्ड पुरा भएको सिफारिस पत्र

(ख) विपन्नताको हकमा अधिकार प्राप्त अधिकारीबाट विपन्नता प्रमाणित सिफारिस पत्र

१३. <u>आर्थिक सहायता रकम र स्वीकृतीको अधिकारः</u> (१) दफा १२ बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. १००० देखी ५००० सम्मको हकमा र प्रमुख प्रशासकीय अधिकृतले सोझै दिन सक्नेछ । वडाको लागि विनियोजित बजेटबाट रु.१०००।०० देखि ५००० सम्म वडा अध्यक्षको सिफारिसमा नगपालिकाले आर्थिक सहायता दिन सक्नेछ ।

(२) दफा १२ वमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. ५००० देखी माथि रु. १०००० सम्मको हकमा प्रमुखको तोक आदेश वमोजिम प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलव्ध गराउन परेमा नगर कार्यपालिकाको बैठकले निर्णय गर्नु पर्नेछ । तर एक आर्थिक वर्षमा एक परिवारलाई अधिकतम रु.२५,०००।०० भन्दा बढी आर्थिक सहायता उपलब्ध गराइने छैन् ।

(४) दफा १० को उपदफा (२) बमोजिमका सामाग्री तत्काल उपलव्ध गराउन प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ ।

(५) औषधी उपचार सहयोग उपलव्ध गराउदा नगरपालिकाको स्वास्थ्य शाखाबाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश हुनेछ ।

(६) दफा १२ बमोजिम प्रकृया पुरा गरी घरदेखि घाटसम्म कार्यक्रम अन्तर्गत काज क्रियाको रकम सहायता माग गर्न आएमा नगरपालिकाको प्रमुखको तोक आदेशमा अधिकतम रु.१०,०००।०० सम्मको आर्थिक सहायता दिन सकिनेछ ।

(७) आर्थिक सहायता लिदा दोहोरो पर्ने गरि लिन पाईने छैन ।

## परिच्छेद—३

## विविध

१३. **<u>निवेदनको ढाँचाः</u>** दफा ३, ४, ५, ६, ७ , ८, ९ र १० अनुसार सहायता पाउन अनुसूची—१ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

१४. **<u>खर्च लेखः</u>** नगरसभा, विशेष नगरसभाबाट आर्थिक सहायता र सो सगँ सम्बन्धी शिर्षकमा विनियोजन भएका रकमबाट खर्च गर्नु पर्नेछ । खर्च विवरण चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१५. **<u>बचाउ र खारेजीः</u>**

(१) यस अघि वितरण गरिएको विपद् राहात तथा आर्थिक सहायता यसै कार्यबिधि बमोजिम भएको मानिनेछ र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

(२) यस अघि नगरपालिकामा भएको आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड तोक आदेश प्रथा खारेज गरिएको छ ।

अनुसूची — १

(दफा १३ संग सम्बन्धीत)

निवेदनको ढाँचा

मिति-

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ।**

**इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**

**इनरुवा, सुनसरी**

**विषयः: आर्थिक सहायता उपलव्ध गराइदिनहुन ।**

प्रस्तुत विषयमा म/ हामि लाई........................को समस्या भई/परि ..............................गर्नुपर्ने भएको व्यहोरा अवगत गराउँदछु/छौं । ...................को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि ताहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलव्ध गराइदिनहुन आवश्यक कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु ।

**निवेदक**

नाम

वतन

दस्तखत

(एक व्यक्तिका नाममा दिईने सहायता माग गर्न अर्को व्यक्ति आएमा सम्वन्ध खुलाउनुपर्ने)

**आज्ञाले,**

**डिल्लीराज निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**